# राष्ट्रिय वाणिज्य बैंक लिमिटेडको

## अन्य बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयरहरूमा रहेको लगानी (Cross Holdings) लिलाम बिक्री (Divest) गर्न सिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०७०।०८।२६**

नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशन २०७०, को निर्देशन नं १०/०७० (१८) बमोजिम यस बैंकको निम्न बमोजिम अन्य बैंक तथा वित्तीय संस्थाहरूको संस्थापक शेयरहरूमा रहेको लगानी (Cross Holdings) लिलाम बिक्री (Divest) गर्न यो सूचना प्रकाशित गरिएको छ । यसर्थ यो सूचना प्रकाशित मितिले तपसिलका कुनै एक वा दुवै बैंक तथा वित्तीय संस्थाहरूको सम्पूर्ण संस्थापक शेयरहरू खरिद गर्न इच्छुक संस्थागत लगानीकर्ता (Institutional Buyer) ले ३५ दिनभित्र अर्थात मिति २०७०।०९।३० गते दिनको २:०० बजेभित्र र सो दिन बिदापरेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिनमा यस बैंकको केन्द्रीय कार्यालय, ट्रेजरी विभागबाट उपलब्ध गराएको बोलपत्र फारम भरी निम्न सर्तहरूको अधीनमा रही यस बैंकको केन्द्रीय कार्यालय, ट्रेजरी विभागमा बोलपत्र पेस गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरू यस बैंकको केन्द्रीय कार्यालयमा मिति २०७०।०९।३० गते र सो दिन बिदापरेमा सोको भोलिपल्ट लगत्तै कार्यालय खुलेको दिनमा दिनको ४:०० बजे खोलिने हुँदा बोलपत्रदाताको आधिकारिक प्रतिनिधि उपस्थित हुनसमेत जानकारी गराइन्छ । तर बोलपत्रदाताको अनुपस्थितिमा बोलपत्र खोल्न बाधा पुग्ने छैन ।

### लिलाम हुने शेयरहरूको विवरण

| क.स. | लगानी रहेको बैंक तथा वित्तीय संस्था | शेयर संख्या | शेयरको प्रकार | न्यूनतम प्रति शेयर बोलकबोल रकम |
|---|---|---|---|---|
| १ | नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेड | ५६,५२,०१६ कित्ता | संस्थापक | रू ५९४।०० |
| २ | नेपाल आवास फाइनान्स कं. लिमिटेड | १,९६,०२७ कित्ता | संस्थापक | रू १०१।०० |

### सर्तहरू

१. बोलपत्र फारम यस बैंकको केन्द्रीय कार्यालय, ट्रेजरी विभागबाट निःशुल्क प्राप्त गर्न सकिने छ ।

२. बोलपत्र संस्थागत लगानीकर्ताहरू (Institutional Buyers) ले मात्र पेस गर्न सक्नेछन् ।

३. संस्थागत लगानीकर्ता भन्नाले नेपालको प्रचलित कानुनबमोजिम स्थापना भएका र बैंक तथा वित्तीय संस्थाको संस्थापक शेयरमा लगानी गर्न पाउने संगठित संस्था सम्झनुपर्नेछ ।

४. बोलपत्रदाताले यस खरिद कारबाहीमा भागलिन अयोग्य नभएको र नेपाल राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थाहरूलाई जारी गरेको एकीकृत निर्देशन २०७०, को निर्देशन नं १०/७० (२ ङ) को अवस्था नरहेको भनी लिखितरूपमा घोषणा गर्नुपर्नेछ ।

५. माथि उल्लेख गरिएका दुई बैंक तथा वित्तीय संस्थाका शेयरहरूमध्ये कुनै एकको मात्र सम्पूर्ण शेयरहरू खरिद गर्नको लागि एक्लै वा एकभन्दा बढी संस्थाहरूद्वारा संयुक्तरूपमा पनि बोलपत्र पेस गर्न सकिनेछ ।

६. दुवै बैंक तथा वित्तीय संस्थाका शेयरहरू खरिद गर्नका लागि दुईवटा छुट्टाछुट्टै सिलबन्दी बोलपत्र पेस गर्नुपर्नेछ ।

७. बोलपत्र पेस गर्दा खाम बाहिर आफूले लिन चाहेको **"सम्बन्धित संस्थाको शेयर खरिद गर्ने बारेको सिलबन्दी बोलपत्र"** भनी उल्लेख गर्नुपर्नेछ ।

८. बोलपत्र फाराममा आफूले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा फरकपरेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ ।

९. नेपाल इन्भेस्टमेण्ट बैंक लिमिटेडको संस्थापक शेयरहरूको न्यूनतम बोलकबोल रकम प्रति शेयर रू ५९४।०० र नेपाल आवास फाइनान्स कं. लिमिटेडको संस्थापक शेयरहरूको न्यूनतम बोलकबोल रकम प्रति शेयर रू १०१।०० हुनुपर्नेछ ।

१०. संस्थागत लगानीकर्ताले बोलपत्र पेस गर्दा सम्बन्धित संस्थाको दर्ताको प्रमाणपत्र, प्रबन्धपत्र, नियमावली, आ.व. २०६९।२०७० सम्मको कर चुक्ता/दाखिलाको प्रमाणपत्र र बोलपत्र पेस गर्न सञ्चालक समितिबाट भएको निर्णयको प्रतिलिपिसमेत पेस गर्नुपर्नेछ ।

११. बोलपत्रसाथ आफूले लिन कबोल गरेको शेयरको कूल मूल्य अंकको १० (दश) प्रतिशतले हुनआउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयमा सुरक्षण धरौटी शीर्षक खाता नं ९२८११०००० मा जम्मा गरेको भौचरको अर्धकट्टी वा 'क' वर्गका वाणिज्य बैंकले जारी गरेको कम्तीमा १५५ दिनको म्याद भएको बोलपत्र जमानत पेस गर्नुपर्नेछ ।

१२. शेयरहरू नामसारीसम्बन्धी सम्पूर्ण कारबाही प्रचलित कानूनबमोजिम हुनेछ ।

१३. शेयर नामसारी गर्दा तिर्नु बुझाउनुपर्ने सम्पूर्ण दस्तुर र शुल्क शेयर खरिदकर्ता (स्वीकृत बोलपत्रदाता) ले नै तिर्नु बुझाउनुपर्नेछ ।

१४. लिलाम बिक्री हुने शेयरको सम्बन्धमा केही बुझ्नुपरेमा वा जानकारी लिन चाहेमा बोलपत्र पेस गर्नु अगावै कार्यालय समयभित्र यस बैंकको केन्द्रीय कार्यालय, ट्रेजरी विभागमा बुझ्न सकिनेछ ।

१५. बोलपत्र स्वीकृत भएपछि सोको सूचना पत्रबाट दिइनेछ र उक्त सूचना गोरखापत्र दैनिकमा समेत प्रकाशित गरिनेछ । उक्त सूचना गोरखापत्र दैनिकमा प्रथमपटक प्रकाशित गरेको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई शेयरहरू आफ्नो नाउँमा नामसारी गरी लिनुपर्नेछ । सो म्यादभित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।

१६. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा सर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म सामान्यतया धरौटी रकम फिर्ता दिइने छैन । बोलपत्र फाराम दर्ता भएपछि फिर्ता हुने छैन ।

१७. रीत नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।

१८. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।

१९. अदालत वा अन्य अख्तियार प्राप्त निकायबाट लिलाम रोक्का गर्ने आदेश प्राप्त भएमा लिलामी कार्यवाही रोक्न सकिनेछ ।

२०. माथिका बुँदाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि बोलपत्र आह्वान भएपछि बोलपत्र स्वीकृत हुनुअघि शेयर संख्यामा कुनै प्रकारले वृद्धि भएमा वृद्धि हुन आएको शेयरसमेत समावेश गरी खरिद कार्यको प्रक्रिया अगाडि बढाउन बाधा पर्ने छैन ।

राष्ट्रिय वाणिज्य बैंक RASTRIYA BANIJYA BANK

(नेरा बैंकबाट क वर्गको इजाजत प्राप्त संस्था)

**राष्ट्रिय वाणिज्य बैंक लिमिटेड**
केन्द्रीय कार्यालय, ट्रेजरी विभाग
सिंहदरबार प्लाजा, काठमाडौं